०७८-५७५३९६, ०७८-५७५०७०
ईमेल: Devchulimunicipality@gmail.com

# देवचुली नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

प्रगतिनगर,नवलपरासी (बर्दघाट,सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०७८/०७९
चलानी नं. :

मिति : २०७८।४।११

**मालपोत, भूमि कर, तिरो तथा सम्पत्ती कर, घर जग्गा मुल्याङकन कार्य रोक्का राख्ने सम्वन्धीको अत्यन्त जरुरी सूचना**

श्री देवचुली नगरपालिका अन्तरगतका सवै वडा कार्यालयहरु,

चालु आ.ब.२०७८/०७९ को लागि मालपोत कार्यालय कावासोतीबाट घर जग्गाको हक हस्तान्तरण तथा राजीनामा लिखित पारित गर्ने सिलसिलामा रजिष्ट्रेशन हुने लिखितमा थैली कायम गर्दा मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनका लागि कायम गरेको रकम वा स्थानीय तहले कायम गरेको मुल्यांङकन मध्ये जुन रकम बढी हुन आउछ सोही रकमलाइ आधारमानी रजिष्ट्रेशन लिखितमा थैली कायम गर्ने भन्ने उल्लेख भई आएको कारण यस नगरपालिका क्षेत्रका जग्गा जमिनको हकमा स्थानीय तहबाट मूल्याङकन भएको रकम अन्य स्थानीय तहहरुको तुलनामा बढी देखिन आएको कारण जग्गा जमिन खरिद बिक्रिगर्दा रजिष्ट्रेशन हुने लिखितमा शुल्क अत्याधिक बढी पर्नगई कारोवार गर्न कठिनाइ परेको भनी जनप्रतिनिधि लगायत स्थानीय नगरवासीहरुसमेतबाट गुनासो सुनिन आएअनुसार उक्त मुल्यांङ्कन रकम हेरफेर गर्न आवश्यक पर्ने भए आवश्यकता अनुसार हेरफेरका लागि मिति २०७८ साउन २१ गते दिनको ११.०० बजे विशेष नगर सभा बोलाइ छलफलका लागि पेश गर्ने भन्ने मिति २०७८।४।१० को ७८औं नगर कार्यपालिकाबाट निर्णय भएकोले नगर सभाबाट अर्को निर्णय नभएसम्मका लागि यस नगरपालिका अन्तरगतका वडा कार्यालयहरुबाट संकलन गरिदै आएको भूमिकर, मालपोत कर, तिरो, सम्पत्ती कर, घरवाटो सिफारिस तथा घरजग्गा मुल्यांङकन जस्ता कार्य रोक्का राखीएको व्यहोरा सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

Scanned with CamScanner